# आन्तरिक सजावट कार्य सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८०/०३/०१

रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. १०, कालिकानगरमा यस आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालयको आन्तरिक सजावट/बनावट सम्बन्धी कार्य गर्नको लागि नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भई सम्बन्धित कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको फर्म/कम्पनीले मात्र बोलपत्र पेश गर्ने गरी यो गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**शिलबन्दी बोलपत्र पेश गर्ने सम्बन्धी थप जानकारी:**

- बोलपत्र फारमहरु मिति २०८० असार १५ गते कार्यालय समयभित्र यस वित्तीय संस्थामा पेश गरीसक्नु पर्नेछ।
- प्रति फारम शुल्क रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) (फिर्ता नहुने गरी) यस वित्तीय संस्थामा जम्मा गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।
- प्राप्त बोलपत्र फारमहरु मिति २०८०/०३/१७ गते बिहानको १०:३० बजे संस्थाको केन्द्रीय कार्यालय, कालिकानगर, बुटवलमा बोलपत्र पेश गर्ने फर्म/कम्पनी र/वा संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ। बोलपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फारम बुझाउने तथा खोलिने अन्तिम दिन बिदा परेमा सो लगत्तै कार्यालय खुल्ने दिनलाई उक्त समय मानिनेछ।
- प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने तथा कारण जनाई वा नजनाई अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।
- बोलपत्रदाताले गर्नुपर्ने कार्यको विवरण बोलपत्र फारम तथा BoQ मा उपलब्ध गराइनेछ।

**बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु :**

- बोलपत्रदाता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता/स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि लगायत फर्म/कम्पनीको सम्पूर्ण विवरण (Complete profile)।
- आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्र को प्रतिलिपि वा कर दाखिला गरेको रसिद।
- शेयरहोल्डर वा प्रोपाइटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
- कार्यालय तथा आन्तरिक सजावट/बनावट सम्बन्धी कम्तिमा ३ वर्षको अनुभव भएको प्रमाणपत्र वा सो विवरण खुल्ने अन्य कागजातको प्रतिलिपि।

**अन्य विस्तृत जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कालिकानगर, बुटवलको सामान्य सेवा विभागमा सम्पर्क राख्न सकिनेछ।**


**आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.**

**RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था)

केन्द्रीय कार्यालय: (सामान्य सेवा विभाग, बुटवल, रुपन्देही ।)

फोन नं. ०७१४३८५१३/४१९०१३

Email: info@rsdcmf.com, Web: www.rsdcmf.com



२०८० असार १ गतेको बुटवल टुडे दैनिकमा प्रकाशित